सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३२४ ♦ २०८३ साल साउन २९ शुक्रवार ♦ 14 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## आफ्नै प्रहरी भर्ना गर्न मधेस सरकारको कसरत

**खबर दर्पण समाचारदाता**

**साउन २८ गते, बर्दिवास**




प्रदेश प्रहरी ऐन जारी भएको आठ वर्ष बितिसक्दा पनि आफ्नै प्रहरी भर्ना गर्न नपाएको मधेस प्रदेश सरकारले संघीय सरकार माथि दवाब बढाउँदै वैकल्पिक योजनासहित अघि बढ्ने तयारी गरेको छ । संघीय सरकारले प्रहरी भर्ना तथा समायोजनका विषयमा अझै आलटाल गरे प्रदेश स्वयंसेवक प्रहरी भर्ना गर्ने तयारी प्रदेश सरकारले गरेको हो ।

प्रदेश प्रहरी ऐन कार्यान्वयनका लागि सहजीकरण गरिदिन आग्रह गर्दै मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले संघीय गृहमन्त्री सुधन गुरुङसँग भेट गरी प्रदेश प्रहरी सम्बन्धी कानुनी दस्तावेजसमेत बुझाउनुभएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा प्रदेश प्रहरी भर्ना तथा व्यवस्थापनका लागि एक करोड रुपियाँसमेत विनियोजन गरिसकेको जनाएको छ ।

मन्त्री महतोका अनुसार संघीय गृहमन्त्री गुरुङ प्रदेश प्रहरी भर्नाका विषयमा सकारात्मक देखिनुभएको छ । प्रदेश सरकार ले आवश्यक कानुनी प्रक्रिया पूरा गरी संघीय गृह मन्त्रालयमा फाइल पेस गरि सकेको उहाँले बताउनुभयो ।

"हाम्रो काम प्रदेश कानुन बनाउने र त्यसको कार्यान्वयन गर्ने हो । त्यसका लागि संघसँग समन्वय गरिरहेका छौं । गृहमन्त्री सकारात्मक हुनुहुन्छ," मन्त्री महतोले भन्नुभयो ।

उहाँले प्रधानमन्त्री बालेन्द्र शाहसँग समेत प्रदेश प्रहरीका विषयमा छलफल गर्ने तयारी भइरहेको बताउनुभयो । "एक सातापछि प्रधानमन्त्रीलाई पनि फाइल बुझाउँछौं । संघीय सरकारले आलटाल गरेमा हामीसँग 'प्लान बी' पनि छ," उहाँले भन्नुभयो । संघीय सरकारबाट अनुमति नआए प्रदेश स्वयंसेवक प्रहरी भर्नाको प्रक्रिया अघि बढाउने उहाँको भनाइ छ ।

प्रदेश सरकारले संघीय गृहमन्त्रीलाई प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण तथा समन्वयसम्बन्धी ऐन, प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन सम्बन्धी ऐन र प्रदेश प्रहरी नियमावली २०७७ बुझाएको छ ।

मधेस प्रदेश सरकारले २०७५ पुस १५ गते प्रदेश प्रहरी ऐन राजपत्रमा प्रकाशित गरेको थियो । तर, संघीय सरकारले आवश्यक समायोजन र कार्यान्वयन प्रक्रिया अघि नबढाएको प्रदेश सरकारको आरोप छ ।

संघीय सरकारको स्वीकृतिबिना प्रदेश प्रहरी भर्ना गर्दा आर्थिक तथा व्यवस्थापकीय चुनौती उत्पन्न हुन सक्ने जानकारहरूले बताएका छन् ।

समाजशास्त्री नागेन्द्र दुबेले प्रदेशले आफ्नो अधिकार प्रयोगका लागि पहल गर्नु सकारात्मक भए पनि प्रहरीको तलब, तालिम र व्यवस्थापनका लागि संघसँग समन्वय आवश्यक रहेको बताउनुभयो । अर्थशास्त्री डा. भोगेन्द्र झाले पनि प्रदेश प्रहरी सञ्चालनको मुख्य चुनौती आर्थिक स्रोत व्यवस्थापन हुन सक्ने

*बाँकी पृष्ठ ३ मा*

## औरहीमा कृषि सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन २८ गते, महोत्तरी**

महोत्तरीको औरही नगरपालिका-१ औरही गाउँबाट दक्षिणतर्फ कृषि सिँचाइका लागि जडान गरिएको १०० केभीए क्षमताको विद्युत् ट्रान्सफर्मर चोरी भएपछि किसान मर्कामा परेका छन् । पर्याप्त वर्षा नभएको समयमा सिँचाइको एक मात्र भरपर्दो विकल्पका रूपमा रहेको ट्रान्सफर्मर चोरी भएपछि किसानलाई धानबालीमा पानी हाल्न समस्या भएको हो ।औरही नगरपालिका-१ औरहीबाट भंगहा नगरपालिका-७ मेघरौल जाने सडकको बीचमा पर्ने चौरी (खेत) मा किसानको सिँचाइ सुविधाका लागि उक्त ट्रान्सफर्मर जडान गरिएको थियो । गत आर्थिक वर्ष २०८२/०३/२८ गते जडान गरिएको ट्रान्सफर्मर राति अन्दाजी १२ बजेको समयमा चोरी भएको स्थानीयले बताएका छन् ।

औरही नगरपालिका-१ का स्थानीय सन्तोषकुमार यादवका अनुसार चोरी गर्ने समूहले ११ हजार भोल्टको विद्युत् लाइनबाट ट्रान्सफर्मरमा जोडिएको तार हटाएर १०० केभीए क्षमताको ट्रान्सफर्मर चोरी गरेको हो । ट्रान्सफर्मरभित्र रहेको तामाको तार र तेलका लागि चोरी गरिएको हुनसक्ने स्थानीयको

*बाँकी पृष्ठ ३ मा*



# राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा गौशाला नगरपालिकालाई नौबुँदे ध्यानाकर्षण

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**साउन २८ गते, महोत्तरी**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गौशाला नगर समितिले भूमिहीन तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, पहिचान तथा प्रमाणीकरणमा राजनीतिक दलको प्रतिनिधित्व सुनिश्चित गर्न माग गर्दै गौशाला नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विपिन आचार्य र अशमिता शर्मालाई ध्यानाकर्षण पत्र बुझाएको छ।

रास्वपा गौशाला नगर समितिका सभापति ज्ञानेन्द्र प्रसाद गुप्ताको नेतृत्वमा नगर पालिकालाई ध्यानाकर्षण पत्र बुझाउँदै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, पहिचान तथा प्रमाणीकरण एवं जग्गा उपलब्ध गराउने प्रक्रियामा राजनीतिक दल र सरोकारवालाको सहभागिता सुनिश्चित गर्न माग गरिएको हो।

भूमि समस्या समाधान समिति, महोत्तरी, जलेश्वरको मिति २०८३/०४/०४ गतेको पत्र तथा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, पहिचान तथा प्रमाणीकरण एवं लालपुर्जा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३ को दफा ४ मा स्थानीय तह स्तरीय तथा वडास्तरीय भूमि समस्या सहजीकरण समितिमा सम्बन्धित स्थानीय तह तथा वडामा क्रियाशील राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले तोकेको एक-एक जना प्रतिनिधि रहने व्यवस्था रहेको जनाइएको छ।

उक्त व्यवस्थाअनुसार राजनीतिक दलको प्रतिनिधित्व सुनिश्चित गर्न नगरपालिकाले सम्बन्धित वडा कार्यालयलाई आवश्यक पत्राचार गरी सहजीकरण समिति गठन वा परिमार्जन गर्नुपर्ने भए पनि हालसम्म आवश्यक प्रक्रिया अघि नबढेको भन्दै रास्वपा नगर समितिले ध्यानाकर्षण गराएको हो।

भूमि समस्या नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय भएकाले लगत सङ्कलन, पहिचान तथा प्रमाणीकरणको प्रक्रियामा पारदर्शिता, निष्पक्षता र सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्ने समितिको माग छ।

रास्वपा गौशाला नगर समितिका सभापति ज्ञानेन्द्र प्रसाद गुप्ताले भूमिहीन नागरिकको समस्या समाधान गर्ने प्रक्रियामा सबै पक्षको सहभागिता आवश्यक रहेको बताउनुभयो। उहाँले कार्यविधिले तोकेको प्रतिनिधित्वलाई सुनिश्चित गरेर मात्र प्रक्रिया अघि बढाउनुपर्ने धारणा राख्नुभयो।

"भूमिहीन नागरिकको लगत सङ्कलनदेखि पहिचान र प्रमाणीकरणसम्मको प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्छ। कार्यविधिले तोकेको प्रतिनिधित्वलाई बेवास्ता गरेर प्रक्रिया अघि बढाउनु हुँदैन," सभापति गुप्ताले भन्नुभयो।

नगर समितिले गौशाला नगर पालिकामा खानेपानीको पर्याप्त व्यवस्था गर्नसमेत माग गरेको छ। सञ्चालनमा आउन नसकेका खानेपानी आयोजना तथा संरचनाको आवश्यक मर्मतसम्भार गरी तत्काल सञ्चालनमा ल्याउनुपर्ने समितिको भनाइ छ।

त्यसैगरी नगर क्षेत्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर, शिक्षकको नियमित उपस्थिति, विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालय व्यवस्थापनको प्रभावकारी अनुगमन गर्न माग गरिएको छ। विद्यालयमा देखिएका समस्या पहिचान गरी आवश्यक सुधारका कार्यक्रम सञ्चालन गर्नुपर्ने समितिको माग छ।

कृषकलाई मलखाद वितरणमा राजनीतिक, व्यक्तिगत वा अन्य कुनै आधारमा विभेद भएको भए तत्काल छानबिन गरी समान, न्यायोचित र पारदर्शी वितरण प्रणाली सुनिश्चित गर्नुपर्ने समितिले जनाएको छ।

सरकारी लगानी वा सामूहिक प्रयोजनका लागि निर्माण भएका सिँचाइ बोरिङमा कुनै व्यक्ति वा समूहले एकल नियन्त्रण कायम गरी अन्य कृषकलाई प्रयोगबाट वञ्चित गरेको तथा तोकिएको शुल्कभन्दा बढी र कम लिने गरेको भन्ने जनगुनासो प्राप्त भएको उल्लेख गर्दै समितिले त्यसको आवश्यक छानबिन गर्न माग गरेको छ।

सबै लाभग्राही कृषकलाई सिँचाइ बोरिङको समान पहुँच सुनिश्चित गर्न तथा तोकिएको शुल्कभन्दा बढी रकम असुली भएको भए त्यसबारे छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने समितिको भनाइ छ।

नगर क्षेत्रबाट निस्कने फोहोर खोलानाला, जङ्गल तथा सार्वजनिक स्थानमा जथाभावी फालिने गरेको जनगुनासोप्रति पनि समितिले नगरपालिकाको ध्यानाकर्षण गराएको छ। फोहोर व्यवस्थापनका लागि वैज्ञानिक, व्यवस्थित तथा दीर्घकालीन प्रणाली लागू गर्न माग गरिएको छ।

नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम वडा-वडाको आवश्यकता, जनसङ्ख्या, भौगोलिक अवस्था तथा



विकासको आवश्यकतालाई आधार बनाई न्यायोचित, समतामूलक तथा समानुपातिक रूपमा विनियोजन गर्नुपर्ने समितिले जनाएको छ।

समितिले आर्थिक वर्ष २०७९/०८० देखि हालसम्म नगरपालिकाले गरेको खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गर्नसमेत माग गरेको छ।

प्रचलित कानुनबमोजिम सार्वजनिक गर्नुपर्ने आर्थिक विवरण नागरिकको सहज पहुँचमा उपलब्ध गराउनुपर्ने भन्दै समितिले आर्थिक वर्ष २०७९/०८० देखि हालसम्मको खर्च तथा आर्थिक कारोबारको विवरण यथाशीघ्र सार्वजनिक गर्न माग गरेको हो।

यसैगरी नगरपालिकाको विनियोजित बजेट, स्वीकृत योजना तथा कार्यक्रम समेटिएको रातो किताब (रेड बुक) समेत आर्थिक वर्षअनुसार आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने माग गरिएको छ। बजेट तथा कार्यक्रमसम्बन्धी विवरण सार्वजनिक हुँदा नागरिकले नगर पालिकाको योजना र खर्चको अवस्था बुझ्न सहज हुने समितिको भनाइ छ।

नगरपालिकाबाट आयोजना गरिने सर्वदलीय बैठक तथा सार्वजनिक सरोकारका विषयमा हुने छलफलमा रास्वपा गौशाला नगर समितिका सभापतिलाई सहभागी गराउनसमेत ध्यानाकर्षण पत्रमार्फत अनुरोध गरिएको छ।

सभापति गुप्ताले नगर पालिकासँग उठाइएका विषय राजनीतिक प्रतिशोध वा पूर्वाग्रहका आधारमा नभई नागरिकको संवैधानिक अधिकार, सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सार्वजनिक हितका लागि भएको बताउनुभयो।

"हामीले राजनीतिक प्रतिशोधका लागि होइन, नागरिकको अधिकार र सार्वजनिक हितका लागि प्रश्न उठाएका हौँ। नगर पालिकाले नागरिकका गुनासालाई बेवास्ता नगरी तथ्यका आधारमा छानबिन गरी आवश्यक सुधार गर्नुपर्छ," उहाँले भन्नुभयो।

ध्यानाकर्षण पत्रमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलनसम्बन्धी कार्यमा कार्यविधि, २०८३ को दफा ४ बमोजिम राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलको प्रतिनिधित्व तत्काल सुनिश्चित गर्न, सम्बन्धित सबै वडामा आवश्यक पत्राचार गरी वडास्तरीय भूमि समस्या सहजीकरण समिति प्रभावकारी रूपमा गठन वा परिमार्जन गर्न माग गरिएको छ।

त्यसैगरी नगरपालिकासँग सम्बन्धित सार्वजनिक सरोकारका विषयमा निष्पक्ष छानबिन तथा अनुगमन गरी आवश्यक सुधारात्मक र कानुनी प्रक्रिया अघि बढाउन तथा नागरिकका गुनासा र सार्वजनिक सरोकारका विषयमा नियमित रूपमा सरोकारवालासँग छलफल गरी जवाफदेही स्थानीय शासन प्रणाली कायम गर्न माग गरिएको छ।

समितिले उल्लिखित विषयमा यथाशीघ्र आवश्यक कदम चालेर त्यसको जानकारी रास्वपा गौशाला नगर समितिलाई उपलब्ध गराउन नगर पालिकासँग अनुरोध गरेको छ।

ध्यानाकर्षण पत्रको बोधार्थ जिल्ला समन्वय समिति महोत्तरी, भूमि समस्या समाधान समिति महोत्तरी, जिल्ला प्रशासन कार्यालय महोत्तरी, गौशाला नगरपालिकाका सम्बन्धित वडा कार्यालय तथा रास्वपा महोत्तरी जिल्ला समितिलाई दिइएको छ।


## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# आफ्नै प्रहरी भर्ना ....

बताउनुभयो । "प्रहरी समायोजनसँगै तलब लगायतको आर्थिक दायित्व पनि आउँछ । संघको अनुमति र समन्वयबिना भर्ना गर्दा आर्थिक भार बढ्न सक्छ," उहाँले भन्नुभयो ।

मधेस प्रदेशको प्रहरी ऐनले प्रदेश प्रहरी संगठनलाई समावेशी बनाउने व्यवस्था गरेको छ । ऐनअनुसार खुला पदपूर्तिको ४५ प्रतिशत पद आरक्षणका लागि छुट्याइएको छ । आरक्षित समूहमा मधेसी, दलित, मुस्लिम, आदिवासी जनजाति, थारु तथा आर्थिक रूपमा विपन्न खस आर्यका लागि कोटा निर्धारण गरिएको छ। आर क्षित समूहभित्र ५० प्रतिशत पद महिलाका लागि छुट्याउने व्यवस्था छ ।

ऐनले जनपद, प्राविधिक, पर्यटक, सामुदायिक र ट्राफिक प्रहरी गरी पाँच समूहको व्यवस्था गरेको छ। प्रहरी जवान र कार्यालय सहयोगी खुला प्रतियोगिताबाट तथा प्रहरी हवलदार, प्रहरी नायब निरीक्षक र प्रहरी उपरीक्षक वा सोभन्दा माथिका पद बढुवाबाट पूर्ति गर्ने व्यवस्था गरिएको छ। प्रहरी सहायक निरीक्षक र प्रहरी निरीक्षकको पदमा ५० प्रतिशत खुला प्रतियोगिता र ५० प्रतिशत बढुवाबाट पदपूर्ति गर्ने प्रावधान छ ।

प्रदेश प्रहरी भर्ना र समायोजनको माग गर्दै मधेस प्रदेश सरकारले यसअघि पटक-पटक दबाबमूलक कार्यक्रम गर्दै आएको छ। २०७९ साउनमा तत्कालीन मुख्यमन्त्री लालबाबु राउतसहित प्रदेश सरकारका मन्त्रीहरूले जनकपुरधामस्थित मधेस भवनमा धर्ना दिनुभएको थियो ।

प्रदेश सरकारले सात दिने अल्टिमेटमसहित तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रहरी समायोजनका लागि ध्यानाकर्षणसमेत गराएको थियो। प्रदेश प्रहरी ऐन निर्माणकै क्रममा संघीय तहबाट असन्तुष्टि व्यक्त हुँदै आएको थियो ।

प्रदेश प्रहरीको अधिकार प्रयोगको विषय संघ र प्रदेशबीचको अधिकार बाँडफाँटसँग जोडिएको छ। लामो समयदेखि थाती रहेको प्रहरी समायोजन र प्रदेश प्रहरी भर्नाको विषय अहिले फेरि मधेस प्रदेश सरकारको प्राथमिकतामा परेपछि संघ-प्रदेश सम्बन्धमा यसको प्रभावसमेत देखिने भएको छ ।

# औरहीमा कृषि सिँचाइका लागि जडान............

भनाइ छ । ट्रान्सफर्मर चोरी भएपछि उक्त क्षेत्रका किसानलाई धानबालीमा सिँचाइ गर्न समस्या भएको छ। गाउँबाट दक्षिणतर्फ खेतमा कृषि सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी भएपछि किसान अहिले आकाशे पानीको भरमा पर्नुपर्ने अवस्था आएको छ। औरही नगर पालिका-१ का किसान बिपिन यादवले सिँचाइको भरपर्दो विकल्प नभएको अवस्थामा ट्रान्सफर्मर चोरी भएपछि किसान थप समस्यामा परेको बताउनुभयो। उहाँले भन्नुभयो, "धानबालीमा पानी हाल्ने समयमा ट्रान्सफर्मर चोरी भएपछि खेतमा सिँचाइ गर्न समस्या भएको छ । समयमा पानी हाल्न नसके धानबाली बिग्रिने चिन्ता छ । किसानको मेहनत र लगानी खेर जाने अवस्था आएको छ ।"

औरही नगरपालिका-१ कै अर्का किसान अनिशकुमार यादवले यस वर्ष असारदेखि साउन सकिन लाग्दासम्म पर्याप्त वर्षा नभएको अवस्थामा सिँचाइका लागि रहेको एउटा विकल्पसमेत चोरी भएपछि किसान थप समस्यामा परेको बताउनुभयो। उहाँले भन्नुभयो, "यस वर्ष असारदेखि साउन सकिन लाग्दासम्म पर्याप्त वर्षा भएको छैन । धानबालीलाई पानीको आवश्यकता छ । सिँचाइका लागि एउटा विकल्प यही ट्रान्सफर्मर थियो, त्यो पनि चोरी भयो । अब खेतमा पानी कसरी हाल्ने भन्ने चिन्ता थपिएको छ ।" उहाँका अनुसार किसानले ऋण तथा आफ्नै लगानीमा धान खेती गरेका छन्। समयमा सिँचाइ गर्न नसके धानबालीमा असर पर्ने र किसानको लगानी जोखिममा पर्ने अवस्था रहेको उहाँले बताउनुभयो । उहाँले चोरी भएको ट्रान्सफर्मर तत्काल खोजी गरी दोषीलाई कारबाही गर्न र सिँचाइ सेवा पुनः सञ्चालनका लागि नयाँ ट्रान्सफर्मर जडान गर्न माग गर्नुभयो ।



दुई वर्षमा १७ ट्रान्सफर्मर चोरी नेपाल विद्युत् प्राधिकरण गौशाला वितरण केन्द्र महोत्तरी अन्तर्गतको क्षेत्रमा पछिल्लो दुई वर्षमा मात्रै १७ वटा ट्रान्सफर्मर चोरी भएको जनाइएको छ । ग्रामीण तथा खेतबारी क्षेत्रमा कृषि सिँचाइका लागि जडान गरिएका ट्रान्सफर्मर चोरीका घटना दोहोरिँदा विद्युत् सेवा तथा कृषि सिँचाइ प्रभावित हुँदै आएको छ ।

नेपाल विद्युत् प्राधिकरण गौशाला शाखाका प्रमुख उपप्रबन्धक उमेशप्रसाद यादवका अनुसार यस क्षेत्रमा यसअघि घरायसी सामग्रीलगायत अन्य सामान चोरी हुने गरे पनि विद्युत्को मेन लाइन काटेर ट्रान्सफर्मर नै चोरी भएको घटना भने पहिलो हो। ट्रान्सफर्मर चोरी हुँदा विद्युत् सेवा अवरुद्ध हुनुका साथै कृषि सिँचाइमा निर्भर किसान प्रत्यक्ष प्रभावित हुने गरेका छन् । विशेषगरी धान खेतीका लागि पानी आवश्यक पर्ने समयमा ट्रान्सफर्मर चोरी हुँदा किसानको उत्पादनमा समेत असर पर्न सक्ने देखिएको छ। ट्रान्सफर्मर चोरीको घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ । घटनामा संलग्न समूहको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

स्थानीय किसानले चोरीमा संलग्न समूहको पहिचान गरी कानुनी कारबाही गर्न, चोरी भएको ट्रान्सफर्मर खोजी गर्न तथा तत्काल नयाँ ट्रान्सफर्मर जडान गरी कृषि सिँचाइ सेवा सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । साथै, ग्रामीण क्षेत्रमा रहेका विद्युत् संरचनाको सुरक्षा व्यवस्था प्रभावकारी बनाउनुपर्ने उनीहरूको माग छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गणेशमान चारनाथ नगरपालिका, धनुषा

सर्पको टोकाइबाट बचौं र बचाऔं

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा



# वरिष्ठ साहित्यकार डा. राजेन्द्रप्रसाद विमलको निधनप्रति एमाले अध्यक्ष ओली द्वारा दुःख व्यक्त



**खबर दर्पण समाचारदाता**
**साउन २८ गते, महेन्द्रनगर**

मैथिली तथा नेपाली भाषाका वरिष्ठ साहित्यकार एवं प्राध्यापक डा. राजेन्द्रप्रसाद विमलको निधनप्रति नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले जारी गर्नुभएको शोक वक्तव्यमा डा. विमलको निधनले नेपाली तथा मैथिली साहित्यको क्षेत्रमा अपूरणीय क्षति पुगेको उल्लेख गरिएको छ।

वि.सं. १९९४ चैत २६ गते जनकपुरको देवीचोकमा जन्मिनुभएका विमल बाल्यकालदेखि नै साहित्यप्रति गहिरो रुचि र समर्पण राख्ने साहित्यकारका रूपमा परिचित हुनुहुन्थ्यो। उहाँले प्रारम्भिक शिक्षा हासिल गरेपछि पाँच वर्षकै उमेरमा सरस्वती माध्यमिक विद्यालयमा कक्षा ५ मा भर्ना भई नेपाली तथा मैथिली भाषामा उच्च शिक्षा हासिल गर्नुभएको थियो।

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर केन्द्रीय क्याम्पसबाट प्रकाशित बुलेटिनको संस्थापक सम्पादक तथा नेपाल उद्योग वाणिज्य महासङ्घको बुलेटिनको सम्पादकका रूपमा समेत उहाँले पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याउनुभएको एमालेको वक्तव्यमा उल्लेख छ। त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापकका रूपमा सेवा प्रवेश गर्नुभएका विमल लामो समय प्राध्यापन तथा साहित्य सिर्जनामा सक्रिय रहनुभयो। उहाँले नेपाली, मैथिली, हिन्दी र अङ्ग्रेजी भाषामा दुई दर्जनभन्दा बढी शोधपरक तथा समालोचनात्मक कृति प्रकाशन गर्नुभएको थियो। उहाँका नेपाली तथा मैथिली भाषामा प्रकाशित कृतिहरू प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मका पाठ्यक्रममा समेत समावेश गरिएको वक्तव्यमा जनाइएको छ। साहित्य तथा संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएका विमलले जगदम्बाश्री पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, गमर फाउन्डेसन गोपालप्रसाद रिमाल सम्मान, वैद्यनाथ शुक्ल वैदेही मैथिली पुरस्कार, संस्कृति दर्शन प्रज्ञा पुरस्कार, मैनीली कथा पुरस्कार, कलाश्री पुरस्कार र विद्यापति पुरस्कारलगायत विभिन्न राष्ट्रिय सम्मान तथा पुरस्कार प्राप्त गर्नुभएको थियो।

एमालेले विमलको निधनले नेपाली तथा मैथिली साहित्यका साथै नेपालको भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा ठूलो क्षति पुगेको जनाएको छ। उहाँले साहित्य र संस्कृतिमार्फत नेपालको सांस्कृतिक एकतालाई बलियो बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनुभएको वक्तव्यमा उल्लेख गरिएको छ। अध्यक्ष ओलीले पिताको निधनबाट शोकाकुल रहनुभएका सुपुत्र डा. आभास लाभ, श्री विभाष लाभलगायत सम्पूर्ण शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ।

# बेलबहादुर परियारको नयाँ लोकगीत 'तिमीलाई मैले सानू सकिन बिर्सन' बर्दिबासबाट सार्वजनिक

**जीवनराज दाहाल**
**साउन २८ गते, बर्दिवास**




करिब दुई दशकअघि गाइएको एउटा पुरानो भाकालाई नयाँ स्वरूप दिँदै गायक तथा सङ्गीतकार बेलबहादुर परियारले 'तिमीलाई मैले सानू सकिन बिर्सन' गीत बजारमा ल्याएका छन् । बर्दिबासस्थित विनायक होटलमा बिहीबार आयोजित कार्यक्रममा गीत तथा यसको भिडियो सार्वजनिक गरिएको हो ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय सदस्य कृष्ण गौतमको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा प्रतिष्ठानका मधेस प्रदेश अध्यक्ष रुद्रसेन विश्वकर्मा, बर्दिबास उद्योग वाणिज्य संघका कोषाध्यक्ष सुरेन्द्र लामा, प्रगतिशील लेखक संघ मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरे, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतो, समाजसेवी सन्त परियारलगायतको उपस्थिति थियो ।

विमोचन कार्यक्रममा प्रोजेक्टर मार्फत गीतको भिडियो प्रदर्शनसमेत गरिएको थियो । गीतमा परियारको स्वर तथा सङ्गीत र रचना रिमालको स्वर रहेको छ । नारायण दङ्गालको एरेन्ज तथा गोपाल दयालको रकर्डिङ रहेको गीतको भिडियोमा सुजाता भट्टराई, अशोक लाखे, राजाराम श्रेष्ठ र सरु भुजेलले अभिनय गरेका छन् । शैलेस श्रेष्ठको छायाङ्कन रहेको भिडियोको निर्देशन तथा कोरियोग्राफी ए ए स्टार मिडियाले गरेको हो ।

गीत सार्वजनिक गर्दै परियारले आफूले करिब २० वर्षअघि गाएको भाकालाई समयअनुसार पुनः सङ्गीत संयोजन गरी नयाँ पुस्तामाझ पुऱ्याउने प्रयास गरेको बताए । २०४७/४८ सालदेखि नै गीत-सङ्गीतमा सक्रिय रहे पनि निरन्तरता दिन नसकेको उल्लेख गर्दै उनले ढल्किँदो उमेरमा पुरानो रहर पूरा गर्ने उद्देश्यले गीत ल्याएको बताए ।

कार्यक्रममा प्रलेस मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरेले आर्थिक प्रतिफलको सुनिश्चितता नरहेको अवस्थामा पनि सिर्जनालाई निरन्तरता दिनु आफैंमा प्रशंसनीय रहेको बताए । बर्दिबास उद्योग वाणिज्य संघका कोषाध्यक्ष सुरेन्द्र लामाले लोप हुँदै गएका लोकभाका र संस्कृतिको संरक्षणमा परियारको प्रयास महत्वपूर्ण रहेको धारणा राखे ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोले परियारका सिर्जनामा आम जनताको जीवन, दुःख-सुख र भोगाइ झल्किने गरेको बताए । उनलाई 'जनताको गायक'का रूपमा उल्लेख गर्दै महतोले लोकजीवनसँग जोडिएका गीतले छुट्टै महत्व राख्ने बताए । प्रमुख अतिथि कृष्ण गौतमले लोक तथा दोहोरी क्षेत्रमा लामो समयदेखि सक्रिय सर्जकले आफ्नो पुरानो सिर्जनालाई नयाँ स्वरूपमा प्रस्तुत गर्नु सकारात्मक भएको बताए। प्रतिष्ठानका मधेस प्रदेश अध्यक्ष रुद्रसेन विश्वकर्माले गीतको सफलताको शुभकामना दिए ।

परियारले यसअघि 'जाग नेपाली वीर नेपाली (स्वदेश गान)', 'सिन्धुलीका सुसेलीहरू', 'राखौं है पियारी मीठो सम्झना', 'गरौं है र माइलो (देउसी-भैलो)', 'सुनको थैली चाँदीको झुम्काना' र 'फूल खसिगो माया बसिगो' लगायतका गीत सार्वजनिक गरिसकेका छन् ।

'तिमीलाई मैले सानू सकिन बिर्सन' गीत तथा भिडियो परियारको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ। कार्यक्रम राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, महोत्तरीका सचिव रमेश खत्री पौडेलले सञ्चालन गरेका थिए ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३।०६।०९ मा दर्ता भएको प्रा.लि.नं.४१८४९ भएको क्लासिक काशमीर आर्ट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०४।०१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६१।१०।२७ मा दर्ता भएको सौरव केवल नेटवर्क प्राइभेट लिमिटेड (प्रा.ली. नं.३२८३३) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**भू–संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू–संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

**मिथिला नगरपालिका, धनुषा**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,